**निर्णय नं १ :**

आर्थिक विकास समिति अन्तर्गत निम्न लिखित कार्यालय तथा संघसंस्थाहरुको आगामी आ.व. २०७२।०७३ को बार्षिक बजेट देहाय वमोजिम हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र. सं. | कार्यालय/समिति | कार्यक्रम | प्रशासनिक बजेट (चालु) | कुल जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | १०१८७००० | ० | १०१८७००० |
| २ | गाउँ विकास समिति | १०४९०५५० | ० | १०४९०५५० |
| ३ | नगरपालिका | ४४२०००० | ० | ४४२०००० |
| ४ | ग्रामीण तालिम केन्द्र | ४२००००० | ६६३४००० | १०८३४००० |
| ५ | जिल्ला कृषि विकास कार्यालय | ४९३९२५८६ | १८७४०११४ | ६८१३२७०० |
| ६ | जिल्ला पशु सेवा कार्यालय | १५५५०००० | १६४५०००० | ३२०००००० |
| ७ | घरेलु तथा साना उ.वि.सको कार्यालय | १०६७६००० | २१९७००० | १२८७३००० |
| ८ | लमजुङ उद्योग वाणिज्य संघ | ६८५०००० | ११५०००० | ८०००००० |
| ९ | चेस नेपाल | २१९५५०० | १३५८४३१ | ३५५३९३१ |
| १० | ग्रामीण सामुदायिक विकास केन्द्र | ४१६२३०० | ५६५१०७३ | ९८१३३७३ |
| ११ | च्वाइस नेपाल | ३०२६८१५ | ६५४४५५४ | ९५७१३६९ |
| १२ | वर्ल्ड भिजन एडिपी | १७०४४६८ | २७२८८०९ | ४४३३२७७ |
| १३ | जनचेतना अभिबृद्धि तथा वि.अ.स | २२३०५२३ | १३२०००० | ३५५०५२३ |
| १४ | नेपाल रेडक्रस सोसाइटी | ५४००० | १०००००० | १०५४००० |
| १५ | लि बर्ड | ९३०००० | ८७६००० | १८०६००० |
| १६ | लमजुङ सीप विकास प्रतिष्ठान | ४०१०००० | ६३८१६२८ | १०३९१६२८ |
| १७ | ग्रामीण शसक्तिकरण समाज दमौली | २०४८६३० | ० | २०४८६३० |
| १८ | शिलषा कार्यक्रम | २०५५१२० | २३२६६५६ | ४३८१७७६ |
| १९ | गरिवी निवारण कोष | १५०००००० | ० | १५०००००० |
| | **कुल जम्मा** | **१४९१८३४९२** | **७३३५८२६५** | **२२२५४१७५७** |

**निर्णय नं २ :**

निम्नलिखित नीतिगत निर्णयहरु स्वीकृतिका लागि एकिकृत योजना तर्जुमा समितिको बैठक मार्फत जिल्ला परिषद समक्ष प्रस्तुत गर्ने निर्णय गरियो :-

१. लमजुङ जिल्लाको समग्र कृषि क्षेत्रको दीर्घकालिन विकासका लागि रणनीतिक योजना (Strategic Plan) निर्माण गर्नको लागि जिल्ला कृषि विकास कार्यालयले पहल गर्ने ।

२. विगतको प्रयासबाट जिल्लामा पर्यटन रोयल्टी वापतको राजश्वमा केही बृद्धि हुँदै गएतापनि कानून वमोजिम प्राप्त गर्नुपर्ने सवै रकम प्राप्त हुन नसकेकोले सो प्राप्त गर्नेकुरामा सम्वन्धित पक्षको ध्यानाकर्षण गराउने ।

३. अलैंची खेतीमा लाग्न सक्ने रोगको संक्रमणलाई मध्यनजर गरी अन्यत्र जिल्लाबाट विरुवा आयात नगर्न सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराउने ।

४. जिल्लाका स्थानीय सञ्चारमाध्यमबाट प्रसारण भइरहेको कृषि कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि सम्वन्धित निकायहरुबाट कार्यक्रम उत्पादन गरी कृषकको अनुकुल पर्ने एउटै समयमा प्रसारणको व्यवस्था मिलाउने ।

५. लमजुङ जिल्लाको समग्र कृषि क्षेत्रको दीर्घकालिन विकासका लागि रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्नको लागि जिल्ला कृषि विकास कार्यालयले पहल गर्ने ।

६. स्थानीय निकायहरुले कृषि क्षेत्रमा विनियोजन गर्ने १५ प्रतिशत रकमबाट आवधिक जिल्ला विकास योजनाले लिएका सूचकहरु पुरा गर्ने तवरले श्रोत एकिकृत गरी कृषि क्षेत्रको व्यवसायिक विकास गर्न जोड दिइनेछ ।

९. २४ वटा गा.वि.स. मा यस आ.व देखि गरीवी निवारण कोष वाट भौतिक पूर्वाधार र गरीवी न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

१०. लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट ५०% रकम सोही वर्गका जनताले प्रत्यक्ष फाइदा पाउने पूर्वाधारजन्य योजनाहरुमा र बाँकी मध्ये ३५% रकम सीपमूलक/आयमूलक कृयाकलापहरु र १५% चेतनामूलक कृयाकलापहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिने र बालबालिका लक्षित कार्यक्रम बजेटको हकमा सीपमूलक क्रियाकलापको बजेट समेत प्रवर्द्धनात्मक क्षेत्रमा खर्च गर्न सकिने नीतिलाई निरन्तरता दिने । साथै यस्तो नीतिलाई सवै गाउँ विकास समितिहरुले पनि अनिवार्यरुपमा परिपालना गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं १ :**

वन तथा वातावरण समिति अन्तर्गत निम्न लिखित कार्यालय तथा संघसंस्थाहरुको आगामी आ.व. २०७२।०७३ को बार्षिक बजेट देहाय वमोजिम हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र. सं. | कार्यालय तथा संघसंस्था | कार्यक्रम बजेट | प्रशासनिक बजेट | कुल जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | १३५००००० | | १३५००००० |
| २ | गाउँ विकास समिति | ३४९६८५० | | ३४९६८५० |
| ३ | नगरपालिका | १४७३००० | | १४७३००० |
| ४ | जिल्ला बन कार्यालय | २०३८३९६० | १०४२७५० | २१४२६७१० |
| ५ | जिल्ला भू संरक्षण कार्यालय | १०५८५००० | ३५००००० | १४०८५००० |
| ६ | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | २५०१७८० | ० | २५०१७८० |
| ७ | ग्रामीण सामुदायिक विकास केन्द्र | ३३३१५०० | ५६५१०७३ | ८९८२५७३ |
| ८ | च्वाइस नेपाल | ३५३५००० | ६५४४५५४ | १००७९५५४ |
| ९ | वर्ल्ड भिजन एडिपी | ४९१७८० | २७२८८०९ | ३२२०५८९ |
| १० | महिला आपसी सहयोग केन्द्र | १२८५९००० | १८३६७६० | १४६९५७६० |
| ११ | जनचेतना अभिबृद्धि तथा वि.अ.स | ७७५५०० | १३२०००० | २०९५५०० |
| १२ | नेपाल रेडक्रस सोसाइटी | ८००००० | १०००००० | १८००००० |
| १३ | ग्रामीण शसक्तिकरण समाज दमौली | १७९४०००० | ० | १७९४०००० |
| १४ | हरियो वन कार्यक्रम | ९६८६२५० | ० | ९६८६२५० |
| १५ | वन श्रोत अध्ययन तथा कार्य समुह नेपाल | २३८२००० | ० | २३८२००० |
| | **जम्मा** | **१०३७४१६२०** | **२३६२३९४६** | **१२७३६५५६६** |

**निर्णय नं २ :**

वन वातावरण समितिसँग सम्बन्धित निम्नलिखित नीतिगत निर्णयहरु स्वीकृतिका लागि एकिकृत योजनातर्जुमा समितिमार्फत जिल्ला परिषद समक्ष प्रस्तुत गर्ने निर्णय गरियो :

१. नेपाललाई सन् २०१७ भित्र धुँवारहीत भान्छा घोषणा गर्ने राष्ट्रिय नीति रहेको सन्दर्भमा राष्ट्रिय अभियान अनुरुप धुंवारहीत गाविस घोषणा कार्यलाई अझ बढी समन्वयात्मक र प्रभावकारी तवरले अघि बढाउने ।

२. जिल्लामा विपद् जोखिम न्यूनीकरणको लागि हाल उपलब्ध श्रोतसाधन अत्यन्त अपर्याप्त रहेको सन्दर्भमा स्थानीय तहको श्रोतसाधन परिचालन अनिवार्य देखिएको हुँदा जिल्लाका सवै गाविसहरुमा विपद् व्यवस्थापन कोष स्थापना गरी अनिवार्यरुपमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाउने ।

३. यस जिल्लामा जिल्ला आपत्कालीन उद्धार केन्द्र (DEOC) स्थापना भइसकेकोले उक्त केन्द्रलाई विपद् व्यवस्थापनको क्षेत्रमा प्रभावकारी रुपमा परिचालन गर्न सम्वन्धित सरोकारवालाहरुले आवश्यक सहयोग उपलब्ध गराउने ।

४. EFLG कार्यक्रम यसै आ.व.देखि ५ वटा गाविसमा संचालन गरी हावा,माटो र पानी संरक्षणको प्रयासको थालनी गरिने ।

**निर्णय नं १ :**

संस्थागत श्रोत तथा क्षमता विकास समिति अन्तर्गत निम्न लिखित कार्यालय तथा संघसंस्थाहरुले आगामी आ.व. २०७२।०७३ को बार्षिक बजेट देहाय वमोजिम हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र सं | कार्यालय तथा संघसंस्था | कार्यक्रम बजेट | प्रशासनिक बजेट | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | ११९६५००० | | ११९६५००० |
| २ | गाउँ विकास समिति | ३४९६८५० | | ३४९६८५० |
| ३ | नगरपालिका | १४७३००० | | १४७३००० |
| ४ | लमजुङ उद्योग वाणिज्य संघ | ५०००० | | ५०००० |
| ५ | ग्रामीण सामुदायिक विकास केन्द्र | ४२६१८९९ | | ४२६१८९९ |
| ६ | च्वाइस नेपाल | १७१०००० | | १७१०००० |
| ७ | वर्ल्ड भिजन एडिपी | १८१४२८८ | | १८१४२८८ |
| ८ | नेपाल रेडक्रस सोसाइटी | ४५५००० | | ४५५००० |
| ९ | लि बर्ड | १२५००० | | १२५००० |
| १० | शिलषा कार्यक्रम | ५२१३६३ | | ५२१३६३ |
| | **जम्मा** | **२६३२२४००** | ० | **२६३२२४००** |

**निर्णय नं २ :**

यस समिति अन्तर्गत निम्नलिखित नीतिगत निर्णयहरु स्वीकृतिको लागि एकिकृत योजना तर्जुमा समितिमार्फत जिल्ला परिषद समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

१. पदपूर्ती समितिले पेश गरेको प्रतिवेदन स्वीकृतिका लागि एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।
२. जिल्ला विकास समितिका विशेष कोषहरुको सञ्चालनका लागि स्वीकृत गरिएका कार्यविधि/निर्देशिकाहरुमा समयानुकुल परिमार्जन गर्न आवश्यक देखिएकोले सो कार्य सम्पन्न गर्न जिविसलाई अधिकार प्रत्यायोजन गर्ने निर्णयका लागि एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।
३. जिल्ला विकास समितिको विगत वर्षहरुमा कायम भएको बेरुजु यथाशीघ्र फछ्र्यौट गरी मन्त्रालयले तोकेको प्रगति हासिल गर्न आवश्यक व्यवस्था मिलाउन एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

४. जिविसको कार्यालयमा कार्यरत कर्मचारीहरुको आगामी आ.व. २०७१।७२ को तलवी प्रतिवेदन संलग्न अनुसूचीमा उल्लेख भएबमोजिम हुने गरी पारित गर्न एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

५. गत आ.व. २०७०।७१ मा जिविसको अनुगमन तथा सुपरीवेक्षण समितिले पेश गरेका प्रतिवेदनहरु अनुमोदन गर्न एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

६. गत आ.व. २०७०।७१ मा जिविसद्वारा सञ्चालित योजनाहरु जाँचपास तथा फरफारक समितिले गरेको जाँचपास/फरफारक सम्बन्धी निर्णयहरुलाई अनुमोदन गर्न एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

७. गत आ.व. २०७०।७१ र चालु आ.व.को माघ मसान्तसम्ममा पदपूर्ति समितिको बैठकबाट भएका निर्णयहरु अनुमोदनका लागि एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

८. आगामी आ.व. २०७२।७३ मा जिल्ला विकास समितिले उठाउने कर, दस्तुर, सेवा, शुल्क, भाडा, विक्री आदिको दर राजश्व परामर्श समितिबाट सिफरिश भए वमोजिम स्वीकृतिका लागि एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

९. आगामी आ.व. २०७२।७३ का लागि जिविसले उठाउने पूर्वाधार उपयोग कर तथा ढुंगा, गिट्टी, वालुवाको विक्रीका लागि राजशव परामर्श समितिको सिफारिस अनुसार वार्षिक ठेक्का अंक कायम गर्ने र ठेक्का सम्झौताको वखत एकमुष्ठ रकम बुझाउनेलाई १०% छुट दिने नीतिलाई निरन्तरता दिन एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

१०. जिविस बोर्ड बैठकबाट गत आ.व. २०७०।७१ र चालु आ.व. को माघ मसान्तसम्म भएका निर्णयहरु अनुमोदन गर्न एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

११. कृषि क्षेत्रमा व्यसायिकताका दृष्टिले नमूनाको रुपमा स्थापित कृषकहरु, गाविस सचिव तथा जिविसको कार्यालयका कर्मचारीहरुमध्ये उत्कृष्ट कार्य गर्ने एक एक जनालाई जिल्ला परिषदमा सम्मान गर्न एकिकृत योजना तर्जुमा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं १ :**

सामाजिक विकास समिति अन्तर्गत निम्न लिखित कार्यालय तथा संघसंस्थाहरुको आगामी आ.व. २०७२।०७३ को बार्षिक बजेट देहाय वमोजिम हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

| क.स | कार्यालय तथा संघसंस्था | कार्यक्रम बजेट | प्रशासनिक बजेट | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | १९०४७४००० | १९०४७४००० | ३८०९४८००० |
| २ | गाउँ विकास समिति | १०४९०५५० | १०४९०५५० | २०९८११०० |
| ३ | नगरपालिका | ४४२०००० | ४४२०००० | ८८४०००० |
| ४ | जिल्ला शिक्षा कार्यालय | १८०५३२००० | १८०५३२००० | ३६१०६४००० |
| ५ | जिल्ला जनस्वास्थ्य कार्यालय | २४२११९००० | २४२११९००० | ४८४२३८००० |
| ६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | ३७०२५००० | ३७०२५००० | ७४०५०००० |
| ७ | लमजुङ सामुदायिक अस्पताल | ७८११३१३१ | ७८११३१३१ | १५६२२६२६२ |
| ८ | महिला तथा बालबालिका कार्यालय | २६६३३५०० | २६६३३५०० | ५३२६७००० |
| ९ | जिल्ला बाल कल्याण समिति | १४१२००० | १४१२००० | २८२४००० |
| १० | अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना | ९५५७५० | ९५५७५० | १९११५०० |
| ११ | चेस नेपाल | १००३१४० | १००३१४० | २००६२८० |
| १२ | ग्रामीण सामुदायिक विकास केन्द्र | १७३६९८७५ | १७३६९८७५ | ३४७३९७५० |
| १३ | च्वाइस नेपाल | ३८४७५००० | ३८४७५००० | ७६९५०००० |
| १४ | वर्ल्ड भिजन एडिपी | २५६२१६१ | २५६२१६१ | ५१२४३२२ |
| १५ | समाज उत्थान सा. संस्था | ७८४००० | ७८४००० | १५६८००० |
| १६ | महिला आपसी सहयोग केन्द्र | ५२००६४० | ५२००६४० | १०४०१२८० |
| १७ | समग्र विकास सेवा केन्द्र | २२५९७५० | २२५९७५० | ४५१९५०० |
| १८ | स्क्यान नेपाल | २२०९००० | २२०९००० | ४४१८००० |
| १९ | नेपाल रेडक्रस सोसाइटी | ५१६५००० | ५१६५००० | १०३३०००० |
| २० | लक्ष्मी नारायण सामुदायिक पुस्तकालय | ८५५३७४० | ८५५३७४० | १७१०७४८० |
| २१ | कम्युनिटी एक्सन नेपाल | २४६११६ | २४६११६ | ४९२२३२ |
| २२ | आदर्श महिला बाल विकास केन्द्र | २५००००० | २५००००० | ५०००००० |
| २३ | ग्लोवल एक्सन नेपाल | ३८७१९१० | ३८७१९१० | ७७४३८२० |
| २४ | Kathmandu International Study Center | २२०७१०६ | २२०७१०६ | ४४१४२१२ |
| २५ | शिलषा कार्यक्रम | ९६००० | ९६००० | १९२००० |
| २६ | जिल्ला खेलकुँद विकास समिति | १५१५६००० | १५१५६००० | ३०३१२००० |
| २७ | महिला शक्ति विकास केन्द्र नेपाल | ७०२००० | ७०२००० | १४०४००० |
| २८ | **कुल जम्मा** | **८८०५३६३६९** | **८८०५३६३६९** | **१७६१०७२७३८** |

**निर्णय नं २ :**

सामाजिक विकास समिति अन्तर्गत निम्नलिखित नीतिगत निर्णयहरु स्वीकृतिको लागि एकिकृत योजना तर्जुमा समितिमार्फत जिल्ला परिषद समक्ष प्रस्तुत गर्ने निर्णय गरियो ।

१. जिल्लामा सञ्चालन हुने सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरुलाई गरिवी निवारणमा केन्द्रित गरी लक्षितवर्गले प्रत्यक्ष लाभ पाउने र एकरुपता हुने गरी समन्वयात्मक ढंगबाट सञ्चालन गर्न विपन्नता स्तरीकरण सम्पन्न भएकोले उक्त प्रतिवेदनलाई प्रभावकारी कार्यान्वयनमा लैजाने ।

२. २४ वटा गा.वि.स. मा यस आ.व देखि गरीवी निवारण कोष वाट भौतिक पूर्वाधार र गरीवी न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्ने ।

३. गैसस लाई जिल्लामा संचालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय कायम गर्ने गरी कम्तीमा ६० प्रतिशत सफ्टवेयर र ४० प्रतिशत हार्डवेयरमा रकम लगाउने नीति यसै आ.व देखि कार्यान्वयनमा ल्याउने । साथै दाताहरुलाई सोही बमोजिमका कार्यक्रम संचालन गर्न जानकारी गाराउने । गैससले कार्यक्रम संचालन गर्दा विषयगत कार्यालय संग समन्वय गरी आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिमा केन्द्रित कार्यक्रम संचालनमा ध्यान दिनुपर्ने ।

४. लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट ५०% रकम सोही वर्गका जनताले प्रत्यक्ष फाइदा पाउने पूर्वाधारजन्य योजनाहरुमा र बाँकी मध्ये ३५% रकम सीपमूलक/आयमूलक कृयाकलापहरु र १५% चेतनामूलक कृयाकलापहरु सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिने र बालबालिका लक्षित कार्यक्रम बजेटको हकमा सीपमूलक क्रियाकलापको बजेट समेत प्रवर्द्धनात्मक क्षेत्रमा खर्च गर्न सकिने नीतिलाई निरन्तरता दिने । साथै यस्तो नीतिलाई सवै गाउँ विकास समितिहरुले पनि अनिवार्यरुपमा परिपालना गर्ने व्यवस्था मिलाउने ।

५. जिविस, विषयगत कार्यालय र स्थानीय गैर सरकारी संस्थाहरु मार्फत संचालन हुने कार्यक्रमहरुबीच आवश्यक समन्वय कायम गर्ने सन्दर्भमा योजना तर्जुमा, अनुगमन र प्रगति समीक्षा गर्दा आवधिक र बार्षिक योजनाका सूचकहरुको आधारमा क्षेत्रगत रुपमा सम्वन्धित विषयगत कार्यालयले नेतृत्व लिई गैसस र विकास साझेदार संस्थाहरुको विवरण एकिकृत रुपमा संकलन, प्रशोधन तथा अभिलेखीकरण गर्ने नीतिलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

६. जिल्लामा आ.व. २०६८।६९ देखि बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन प्रारम्भ भइरहेकोमा आगामी आ.व. २०७२।७३ मा समेत थप गाविसहरुमा कार्यक्रम विस्तार गर्दै लैजाने ।

७. बार्षिक योजना तर्जुमा गर्दा जिल्लामा तयार भएका आवधिक जिल्ला विकास योजना, जिल्ला स्वास्थ्य योजना, एकिकृत पर्यटन विकास तथा व्यवस्थापन योजना बालबालिका सम्वन्धी रणनीतिक योजना, विपन्नता स्तरीकरण प्रतिवेदनलाई समेत आधार मान्ने ।

८. प्रारम्भिक बाल विकास केन्द्रहरुको व्यवस्थित र दीगो सञ्चालनका लागि चालु आर्थिक वर्षमा नक्शांकन कार्य सम्पन्न गरी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।

९. जिल्लाका सामाजिक विकासका प्राथमिकताका क्षेत्रहरु जिल्ला खुला दिसामुक्त अभियान जस्तै पूर्ण खोप कार्यक्रम, एक घर एक धारा, बाल विवाहमुक्त गाविस, बालश्रममुक्त क्षेत्र, पूर्ण साक्षरता कार्यक्रम, एक गाउँ एक पुस्तकालय र एक विद्यालय एक पुस्तकालय कार्यक्रम, एक गाविस एक उद्योग, छुवाछुत मुक्त गा.वि.स, स्वास्थ्यसंस्था मार्फत प्रसुती सेवा कार्यक्रम, लैंगिक हिंसा न्यूनीकरण कार्यक्रम आदिलाई स्थानीय तहका सवै सरोकारवालाहरुको संलग्नता र समन्वयमा कार्ययोजनाका साथ अभियानको रुपमा सञ्चालन गर्ने ।

१०. उच्च जोखिम अवस्थामा रहेका अपांग र जेष्ठ नागरिकहरुको तत्काल राहातका लागि जिल्लामा राहातकोषको स्थापना गरी सो को प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउने ।

**निर्णय नं १ :**

भौतिक पूर्वाधार विकास समिति अन्तर्गत निम्न लिखित कार्यालय तथा संघसंस्थाहरुको आगामी आ.व. २०७२।०७३ को बार्षिक बजेट देहाय वमोजिम हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | कार्यक्रम खर्च | प्रशासननिक खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | २२०८९४००० | ४१३७४८०० | २६२२६८८०० |
| २ | गाउँ विकास समिति | ४१९६२२०० | २४२८४००० | ६६२४६२०० |
| ३ | नगरपालिका | १७६८०००० | ५४८९००० | २३१६९००० |
| ४ | खानेपानी तथा सरसफाई डि.कार्यालय | ५८४००००० | ० | ५८४००००० |
| ५ | पश्चिमाञ्चल सिंचाई विकास डि. नं १ | १०९६५०००० | ० | १०९६५०००० |
| ६ | शहरी विकास तथा भवन डि.गोरखा | १०००००००० | ० | १०००००००० |
| ७ | जिल्ला प्राविधिक कार्यालय | ४०६९९००० | ० | ४०६९९००० |
| ८ | सडक डिभिजन कार्यालय दमौली | १९९०००००० | ० | १९९०००००० |
| ९ | नेपाल विद्युत प्राधिकरण दमौली | १३५००००० | ० | १३५००००० |
| १० | लमजुङ उद्योग वाणिज्य संघ | ५००००० | ११५०००० | १६५०००० |
| ११ | ग्रामीण सामुदायिक विकास केन्द्र | ४२८००५० | ५६५१०७३ | ९९३११२३ |
| १२ | वर्ल्ड भिजन एडिपी | ७२३१९६ | २७२८८०९ | ३४५२००५ |
| १३ | नेपाल रेडक्रस सोसाइटी | २२००००० | १०००००० | ३२००००० |
| १४ | बेसीशहर खापा उ समिति | १०२००००० | ० | १०२००००० |
| १५ | गोरखा वेयलफेयर स्किम | २६८७५०० | ० | २६८७५०० |
| १६ | गरिवी निवारण कोष | १५०००००० | ० | १५०००००० |
| | **कुल जम्मा** | **८३७३७५९४६** | **८१६७७६८२** | **९१९०५३६२८** |

**निर्णय नं २ :**

निम्न लिखित निर्णयहरु स्वीकृतिका लागि एकिकृत योजना तर्जुमा समितिको बैठकमार्फत आगामी परिषदमा पेश गर्ने निर्णय गरियो :

१. स्थानीय उपभोक्ताको लगानीलाई प्रोत्साहन गर्दै सडक सञ्जाल नपुगेका गाविसहरुलाई सडक सञ्जालमा जोड्ने नीति लिइनेछ । जिल्ला सदरमुकामबाट गाविसको केन्द्र जोड्ने सडकहरुलाई प्राथमिकता दिइनेछ । लागत सहभागितामा नगरोन्मुख क्षेत्रहरुमा सडक कालोपत्रे गर्ने नीति अन्तर्गत विगत वर्षमा शुरु गरिएको कार्य प्रभावकारी देखिएकोले यसलाई आगामी वर्ष पनि जिविसको ४०% र स्थानीय जनताको ६०% लागत कायम गरी निरन्तरता दिने । साथै ग्रामिण सडकलाई ग्रभेल र नाली सुधार गरी स्तरोन्नती गर्नका लागि स्थानिय निकाय र समुदायले प्रस्ताव पेश गरेमा पचास पचासको मोडेल अवलम्वन गर्ने । ग्रामिण सडकलाई स्तरोन्नती गर्नका

लागि जिल्ला विकास समितिवाट छुटटाउने रकममा वातावरणीय संरक्षणका लागि ल.ई. मा नै ३ प्रतिशत रकम समावेश गर्ने नीतिलाई समावेश गर्ने ।

२. नेपाललाई सन् २०१७ भित्र धुँवारहीत भान्छा घोषणा गर्ने राष्ट्रिय नीति रहेको सन्दर्भमा राष्ट्रिय अभियान अनुरुप धुंवारहीत गाविस घोषणा कार्यलाई अझ बढी समन्वयात्मक र प्रभावकारी तवरले अघि बढाउने ।

३. २४ वटा गा.वि.स. मा यस आ.व देखि गरीवी निवारण कोष वाट भौतिक पूर्वाधार र गरीवी न्यूनीकरणका कार्यक्रमहरु संचालन गर्ने ।

४. गैसस लाई जिल्लामा संचालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय कायम गर्ने गरी कम्तीमा ६० प्रतिशत सफ्टवेयर र ४० प्रतिशत हार्डवेयरमा रकम लगाउने नीति यसै आ.व देखि कार्यान्वयनमा ल्याउने ।सवै दाताहरुलाई सोही बमोजिमका कार्यक्रम संचालन गर्न जानकारी गराउने । गैससले कार्यक्रम संचालन गर्दा विषयगत कार्यालय संग समन्वय गरी आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिमा केन्द्रित कार्यक्रम संचालनमा ध्यान दिनुपर्ने ।

५. विगत जिल्ला परिषदबाट केन्द्रमा माग गरी निर्माण चरणमा रहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्न सम्वन्धित निकायहरुमा अनुरोध गर्ने । विगतमा निर्णय भएका तर निर्माण चरणमा प्रवेश नगरेका र यस वर्षको इलाकास्तरीय गोष्ठीबाट माग भई आएका योजनाहरुलाई सम्बन्धित निकायको योजनामा समावेश गर्न सिफारिश गर्ने अधिकार जिविसको कार्यलयलाई प्रत्यायोजन गर्ने ।